फो.नं. ९७७-०२१-५५५२१२
५५६११२
५५६११३
५५५२९६ फो.

# पथरी शनिश्चरे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शिक्षा,युवा तथा खेलकुद शाखा

पथरी, मोरङ
१ नं प्रदेश,नेपाल

प.सं. ०७७/०७८
च.नं.

मिति :२०७७/१२/२७

विषय : पूर्व प्राथमिक कक्षा सञ्चालन, कक्षा/तह थप अनुमतिका लागि आवेदन पेश गर्ने सम्वन्धि सूचना।

बिगत वर्षमा अनुमति लिई यस नगरपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरूले शैक्षिक सत्र २०७८ देखि कक्षा थप/तह थप गरी विद्यालय सञ्चालन गर्न चाहेमा, नयाँ विद्यालय स्थापना(कक्षा १) बाहेक र पूर्व प्राथमिक कक्षा सञ्चालन गर्न चाहने विद्यालयहरुले शिक्षा ऐन, २०२८(संशोधन सहित) तथा शिक्षा नियमावली २०५९,(संशोधन सहित) बमोजिमका पूर्वाधारहरू पूरा गरी देहायका कागजातहरू समेत संम्लग्न राखी मिति २०७८/०१/२६ गतेसम्ममा शिक्षा,युवा तथा खेलकुद शाखामा अनुमतिका लागि आवेदन फाराम पेश गर्नुहुन पथरी शनिश्चरे नगरपालिका **"शैक्षिक व्यवस्थापन कार्यविधि, २०७४"** बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

०७७/१२/२६

शालिग्राम काफ्ले
उपसचिव

**शालिग्राम काफ्ले**
**उपसचिव**

तपसिल :

आवेदन फारामसँग संम्लग्न गर्नुपर्ने कागजातहरू

- विद्यालय प्रस्तावना पत्र
- सम्बन्धित वडाको सिफारिस पत्र
- शिक्षा ऐन २०२८,(संसोधन सहित) अनुसार गठित विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपि
- सबैभन्दा नजिकमा रहेका अनुमति प्राप्त २ वटा विद्यालयहरूको सहमति पत्र
- तोकिएको योग्यता पुरा भएका शिक्षकहरूलाई नियमानुसार नियुक्त गरिएको पत्र, शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपिहरू
- स्वीकृत लेखापरीक्षकबाट आय व्यय लगायतका विद्यालयको पछिल्लो वर्षको लेखा प्रतिवेदन
- विद्यालयले निर्धारण गरी शिक्षा शाखाबाट स्वीकृत भई लागु गरेको कक्षागत शुल्क विवरण(वि.व्य.स.को निर्णय प्रतिलिपि सहित)
- माग गरिएको भन्दा तल्लो कक्षा/तहको अनुमति वा स्वीकृत पत्रको प्रमाणित प्रतिलिपि
- पूर्व प्राथमिक विद्यालयको हकमा भवन, खेल मैदान सम्वन्धि प्रमाण कागजात र विवरण
- कम्पनि रजिष्ट्रारको कार्यालयमा दर्ता भएको वा गुठि संञ्चालन गर्ने भए गुठी दर्ता प्रमाणपत्रको प्रतिलिपि
- कम्पनी वा गुठिको प्रबन्ध पत्र र नियमावली
- जग्गा वा भवन भाडामा लिने भए कम्तीमा ५ वर्षसम्मको लागि घर वा जग्गा धनीले वहालमा दिने सम्वन्धमा भएको कबुलियतनामा सम्वन्धि पत्र
- आ.व. २०७६/०७७ मा कर बुझाएको पत्र
- नियमानुसार आवेदन फाराम वापत नगरपालिकाको कोषमा रकम जम्मा गरेको भौचर।
- तोकिएको ढाँचा/अनुसूचि अनुसारको आवेदन फाराम शिक्षा, युवा तथा खेलकुद शाखाबाट प्राप्त गर्न सकिने छ।